बैठक संख्या १७

मिति २०७७।०२।२९ गते श्रीमान प्र.जि.अ. हुमकला पाण्डेज्यूको संयोजकत्वमा तथा जिल्ला समन्वय समिति भक्तपुरका अध्यक्ष श्री नवराज गेलालगायत देहायका महानुभावहरुको उपस्थितिमा जिल्लास्तरीय संकट व्यवस्थापन केन्द्र (सिएमसी) भक्तपुरको १७ औं बैठक बसि देहाय अनुसार छलफल र निर्णय गरियो ।

उपस्थिति:

सल्लाहकार - अध्यक्ष श्री नवराज गेलाल, जिल्ला समन्वय समिति, भक्तपुर

१. प्रमुख जिल्ला अधिकारी श्री हुमकला पाण्डे, जिल्ला प्रशासन कार्यालय, भक्तपुर

२. जिल्ला समन्वय अधिकारी श्री जगन्ननाथ लामिछाने , जिल्ला समन्वय समितिको कार्यालय, भक्तपुर

३. प्रमुख सेनानी श्री शिव प्रसाद पौडेल, वीरदल गण सूर्यविनायक व्यारेक, भक्तपुर

४. प्रहरी उपरिक्षक श्री सविन प्रधान, महानगरीय प्रहरी परिसर, भक्तपुर

५. सशस्त्र प्रहरी उपरिक्षक श्री विश्वकुमार भट्टराई, सशस्त्र प्रहरी बल नेपाल २२ नं गण, भक्तपुर

६. उप अनुसन्धान निर्देशक श्री सुरेन्द्र कोइराला, रा.अ.वि.जिल्ला कार्यालय, भक्तपुर

७. सहायक प्रमुख जिल्ला अधिकारी श्री दुर्गादत्त ढकाल, जिल्ला प्रशासन कार्यालय, भक्तपुर

८. मे.सु. श्री सुमित्रा गौतम, भक्तपुर अस्पताल, भक्तपुर

९. कार्यालय प्रमुख श्री कृष्णबहादुर मिजार, स्वास्थ्य कार्यालय, भक्तपुर – स्थायी आमन्त्रित

१०. प्रमुख श्री मनोज थापा, नेपाल रेडक्रस सोसाइटी, भक्तपुर – स्थायी आमन्त्रित

छलफलका विषयहरु

१. होल्डिङ सेन्टर व्यवस्थापन गर्दै विदेशबाट आउने नागरिकहरुलाई घर फिर्ता सहजीकरण
२. क्वारेन्टिन व्यवस्थापन
३. स्वास्थ्य कार्यालयलाई आवश्यक सामग्री सम्बन्धमा ।

निर्णय

१. जिल्ला स्वास्थ्य कार्यालय भक्तपुरको च.नं. ४५५ मिति २०७७।२।२९ को पत्रबाट उक्त कार्यालयका लागि कोभिड १९ प्रकोप नियन्त्रण तथा रोकथामका लागि आवश्यक पर्ने सामानहरु उपलब्ध गराउन कोभिड १९ संकट व्यवस्थापन केन्द्र, छाउनीलाई सिफारिस गरिदिन अनुरोध भई आएको सम्बन्धमा उक्त कार्यालयलाई आवश्यक सामग्री उपलब्ध गराइदिन गृह मन्त्रालयमार्फत कोभिड १९ संकट व्यवस्थापन केन्द्र, छाउनीलाई अनुरोध गर्ने निर्णय गरियो ।

२. कोभिड १९ संक्रमितको उपचारमा संलग्न स्वास्थ्यकर्मीहरुलाई निजहरुको पिसिआर परीक्षणको नतिजा नआउँदासम्म खरिपाटीस्थित क्वारेन्टिनस्थलमा राख्ने व्यवस्थाका लागि गृह मन्त्रालयमार्फत कोभिड १९ संकट व्यवस्थापन केन्द्रलाई अनुरोध गर्ने निर्णय गरियो ।